# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, भाद्र २० गते २०२९ साल [ संख्या २१

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

### आय र कर अदालत (पहिलो संशोधन) नियमावली २०२९

आय र कर अदालत नियमावली २०२५ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले आय र कर न्याय व्यवस्था ऐन २०१६ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले आय र कर अदालतको सल्लाह लिई देहायका नियमहरू बनाएको छः–

१ संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "आय र कर अदालत (पहिलो संशोधन) नियमावली २०२९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२ मूल नियमावलीको परिच्छेद ७ को नियम २३ मा संशोधनः– मूल नियमावलीको परिच्छेद ७ को नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छः–

२३. फैसलाको कार्यान्वयनः– (१) अदालतबाट मुद्दा फैसला हुंदा दण्ड जरिवाना कैद समेत लागेको पक्ष रूजु हाजिर रहेकोमा सो लागेको पक्षलाई नगदी लगत शाखामा बुझाई भरपाई मिसिल सामेल राख्नुपर्छ र पक्ष रूजु हाजिर नरहेकोमा अदालतबाट भएको फैसला वा अन्तिम आदेश बमोजिम दण्ड, जरिवाना, कैद

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वापसको रूपैयाँ कोर्टफी असूल तहसिल गर्नु पर्ने भएमा फैसला वा अन्तिम आदेश भएको मितिले दश दिनभित्र काठमाडौं भएता अदालत तहसिल मार्फत सो मुद्दाको कारवाई र किनारा गर्ने अधिकार प्राप्त शुरु तहको अड्डा अदालत वा कार्यालयमा यस्तो दण्ड, जरिवाना, कोर्टफीको लगत पठाउनुपर्छ ।

(२) उपनियम (१) बमोजिम लगत प्राप्त भएपछि त्यस्तो लगत प्राप्त गर्ने अड्डा, अदालत वा कार्यालयले सो लगत बमोजिम नेपाल कानूनको रीत पुर्‍याई असूल तहसिल गर्नुपर्छ ।

(३) यो नियमावली प्रारम्भ हुनुभन्दा अगाडि अदालतबाट भएको फैसला वा अन्तिम आदेश बमोजिमको बांकी लगत सम्बन्धित अड्डा, अदालत वा कार्यालयले बुझी यस नियमावली बमोजिम असूल तहसिल गर्नुपर्छ ।

(४) उपनियम (१) बमोजिम लगत असूल तहसिल गर्दा सम्बन्धित अड्डा, अदालत वा कार्यालयले आवश्यकतानुसार प्रहरीको सहयोग लिन सक्नेछ ।

(५) उपनियम (१) बमोजिम बाहेक अरू कुनै रूपबाट दाखिल हुन आएको नगदी जति फांटमा दाखिल हुनासाथ नगदी लगत शाखामा बुझाउनु पर्छ र छिनुवा मिसिल लगत दिने काम समाप्त भएपछि पुनरावेदन परेदेखिको कागजात मिसिल शाखामा बुझाई नक्कल फैसला र शुरू मिसिल सम्बन्धित अड्डा अदालत वा कार्यालयमा पठाई दिनुपर्छ ।

आज्ञाले—
चूडामणिराजसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

२०० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।